**कर्णाली प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

## पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

### आयोजना कार्यान्वयन एकाइ, सुर्खेत ।

# फलफूल बगैँचा स्थापना कार्यक्रममा आवद्ध हुन आवेदन आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०५/०८**

यस आयोजनाको **"पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** अनुसार तपसिलमा उल्लिखित स्थानीय तहहरूमा देहायका बालीहरूको बगैँचा स्थापनामा अनुदान प्रदान गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूलाई आवश्यक कागजातहरूसहित सम्बन्धित स्थानीय तहहरूमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र. | कार्यक्रम सञ्चालन हुने | | |
|---|---|---|---|
| स. | जिल्ला | स्थानीय तह | लक्षित फलफूल बालीहरू |
| १ | रुकुम पश्चिम | बाफिकोट गाउँपालिका, मुसिकोट नगरपालिका, सानीभेरी नगरपालिका | सुन्तलाजात फलफूल, ओखर, चुच्चेओखर, किवी |
| २ | सल्यान | सिद्धकुमाख गाउँपालिका, शारदा नगरपालिका | सुन्तलाजात फलफूल, ओखर, चुच्चेओखर, किवी |
| ३ | जाजरकोट | छेडागाड नगरपालिका, जुनिचाँदे गाउँपालिका | सुन्तलाजात फलफूल, ओखर, चुच्चेओखर, किवी |
| ४ | दैलेख | नारायण नगरपालिका, आठविस नगरपालिका, चामुण्डाबिन्द्रासैनी नगरपालिका | सुन्तलाजात फलफूल, ओखर, चुच्चेओखर, किवी |
| ५ | कालीकोट | नरहरिनाथ गाउँपालिका, शुभकालिका गाउँपालिका | स्याउ, ओखर, कागजी बदाम, किवी |
| ६ | जुम्ला | हिमा गाउँपालिका, सिंजा गाउँपालिका, कनकासुन्दरी गाउँपालिका | स्याउ, ओखर, कागजी बदाम |
| ७ | मुगु | सोरु गाउँपालिका, खत्याड गाउँपालिका | स्याउ, ओखर, कागजी बदाम |
| ८ | हुम्ला | ताजाकोट गाउँपालिका, अदानचुली गाउँपालिका | स्याउ, ओखर, कागजी बदाम |
| ९ | डोल्पा | मुड्केचुला गाउँपालिका | स्याउ, ओखर, कागजी बदाम |

**आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरूको विवरणः**

(क) अनुसूची ९ बमोजिमको निवेदन र अनुसूची १५ बमोजिमको फाराम,

(ख) कृषक समूह/सहकारी/कम्पनी वा निजी फर्म दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि,

(ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) कृषक समूहको हकमा विधान, सहकारीको हकमा विनियम तथा कृषि उद्यमीको हकमा प्रवन्धपत्रको प्रतिलिपि,

(ङ) अनुसूची १७ र सो बमोजिमको संस्थागत निर्णयको प्रतिलिपि,

(च) अनुसूची १८ बमोजिमको सहमती पत्र,

(छ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधिको),

(ज) अनुसूची १९ र सो बमोजिमको निर्णयको प्रतिलिपि,

(झ) अनुसूची २० बमोजिमको स्वघोषणा,

(ञ) अनुसूची २२ बमोजिमको Environmental Screening Checklist तथा अनुसूची २३ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची,

(ट) अन्य (आवश्यकता अनुसार) ।

**नोटः** आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू आयोजना कार्यान्वयन एकाइ, सम्बन्धित स्थानीय तहको कृषि शाखामा वा वेबसाइट **https://karnali.nafha.gov.np** बाट प्राप्त गर्न सकिनेछ । अन्य जानकारीका लागि आयोजना कार्यान्वयन एकाइ सुर्खेत, सम्बन्धित जिल्लास्थित कृषि विकास कार्यालय तथा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा सम्पर्क नं. ०८३-५९०५८३ मा सम्पर्क गर्न सकिनेछ ।

**पुनश्च : अनुसूची ९ बमोजिमको निवेदनको साथमा सूचनामा माग भए बमोजिमका कागजातहरू संलगन गरी आ.व. २०८३/०८४ अवधिभर नै सम्बन्धित स्थानीय तहमा आवेदन दर्ता गर्न सकिनेछ ।**